**सवारी दुर्घटनाबाट बचौं र बचाऔं ।**
- मादक पदार्थ सेवन गरी सवारीसाधन नचलाऔं,
- आफूले यात्रा गरिरहेको सवारीसाधनको चालकले मादक पदार्थ सेवन गरेमा वा गरेको शङ्का लागेमा तत्काल प्रहरीलाई खबर गरौं,
- क्षमताभन्दा बढी यात्रु र सामान नराखौं ।
- अनियन्त्रित र तीव्र गतिमा सवारीसाधन नचलाऔं ।
- समय–समयमा सवारीसाधनको मर्मतसम्भार गर्ने गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

PRATEEK DAILY
# प्रतीक दैनिक
राष्ट्रिय 'क' वर्ग
eprateekdaily.com

kirloskar Oil Engines
डिजल पम्प
रोटाभेटर
अधिकृत बिक्रेताः
महाकाली इन्टरनेशनल प्रा.लि.
मुर्ली, वीरगंज-१३, पर्सा
मोः ९८५५०२२५८०

❖ वर्ष ३५ ❖ २०७९ साउन ०१ गते आइतवार // मृत भस्म नबन्दैमा भिःल्को भैकन बल्नुछ // 2022 July 17 Sunday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ४ ❖ अङ्क ३१९

## पोखरिया नपाको दोस्रो नगरसभा सम्पन्न

प्रस, पोखरिया, ३२ असार/

पोखरिया नगरपालिकाको आव २०७९/८० को दोस्रो नगरसभा शनिवार



तस्वीरः प्रतीक

सम्पन्न भएको छ ।

सभामा ५१ करोड ९० लाख १४ हजार बराबरको आय–व्यय नगरप्रमुख प्रद्युमन चौहानले सार्वजनिक गरे । सार्वजनिक गरिएको आय–व्ययमा आन्तरिक स्रोत ७ करोड २५ लाख, नेपाल सरकारबाट प्राप्त समीकरण अनुदान १२ करोड ५० लाख, शसर्त अनुदान २० करोड ३२ लाख, समूरक अनुदान पूँजीगत ५० लाख, राजस्व बाँडफाँडबाट प्राप्त ८ करोड ६७ लाख रहेको छ । यसैगरी, मधेस प्रदेश सरकारबाट प्राप्त अनुदान वित्तीय समीकरण अनुदान ८० लाख ४४ हजार, शसर्त अनुदान ८० लाख, विषेश अनुदान ४० लाख, समपुरक कोष २५ लाख, राजस्व बाँडफाँड बाट ४० लाख ५२ हजार रहेको छ ।

कार्यक्रममा स्वस्थ, शिक्षा, कृषिलाई बढी प्राथमिकता दिएको छ । त्यसैगरी कर्मचारीहरूको तलब, भत्तामा पनि बृद्धि गरिएको छ । सभामा नगर प्रमुख चौहानले पालिका सदस्यहरूलाई ५० हजार सम्मको निश्शुल्क स्वास्थ्य उपचार, पालिका अन्तर्गतको गर्भवती महिलाको लागि एम्बुलेन्स सेवा निशुल्क, पालिका सदस्यहरूको छोरीको विवाह को लागि पालिकाबाट बिषेश सहयोग उपलब्ध गराउने घोषणा गरे ।

नगरप्रमुख चौहानले पालिकाको विकासमा सबै जनप्रतिनिधिहरू हातेमालो गरी अगाडि बढ्नुपर्ने बताए । प्रमुख प्रशासकीय अधिकृत अशोक रौनियार ले पालिकाबाट दिने सेवाहरू जनता मुखि हुनु पर्ने र सोको लागि सम्पुर्ण कर्मचारी हरू ले समयमा र गुणस्तरीय सेवा प्रदान गर्न कर्मचारी हरू लाइ निर्देशन दिए । कार्यक्रममा सेवा निवृत्त कार्यालय सहयोगी सुरेश महतोलाई दोसल्ला ओढाएर सम्मान गरिएको थियो । नगर प्रमुख चौहानको अध्यक्षतामा भएको कार्यक्रममा उपप्रमुख रूबि ठाकुर, वडाध्यक्ष प्रमोद गिरी, वडा सदस्य कमल मुखिया, रामबचन महतो, महमुद रायलगायतले मन्तव्य व्यक्त गरेका थिए । कार्यक्रमको सञ्चालन लेखाशाखा प्रमुख मनोज तिवारीले गरेका थिए ।

## तिलावे पुल निर्माण यस वर्ष पनि सम्पन्न नहुने

प्रस, वीरगंज, ३२ असार/

पर्साको सदरमुकाम तथा गाउँसंग तिलावे यस बर्षपनि नबन्ने निश्चित भएको


अधुरो निर्माण भएको तिलावे पुल । तस्वीरः प्रतीक

समाचार प्राप्त भएको छ ।

तिलावे पुल निर्माण गर्ने ठेकक्दार कम्पनीहरूलाई १ बर्ष बराबर २०८० असारसम्म म्याद थपेपछि सो पुल यस आवभित्र नबन्ने निश्चित भएको छ ।

यो पुल बन्न पर्सा बासीहरूलाई कतीको मर्कामा छन, त्यो सब समस्या सबैलाई थाहा नै छ । पछिलो सरकारले तिलावे पुल सरह अलपत्रमा परेका सबै योजनाहरूको कार्य सम्पन समय अवधी यही असार मसान्तसम्म तोकिएको थियो । तर बर्तमान सरकारले जेठ २२को मन्त्रिपरिषदको निर्णय अनुसार तिलावे पुल लगाएत अलपत्र परेका सबै योजनाहरूको १ बर्षको म्याद थपेपछि ठेक्दारहरू अहिले रमाई रहेका छन ।

२०७२ जेठ ७ गते पप्पु/लुम्बिनी जेभीले रू ७ करोड ७१ लाखमा पुल निर्माणको ठेक्का सकार गरेका थिए । तर अहिले ७ वर्ष बित्दा पनि पुल निर्माण हुन सकेको छैन । पहिलो समयमा पप्पु कन्स्ट्रक्शनले आफनो जिमेबारीबाट हटेपछि लुम्बिनी कन्स्ट्रक्शनका विष्णु शर्माले सो पुलको निर्माण कार्य सम्पन गर्न जिम्मेबारी पाएको हुलाकी राजमार्गका सुचना अधिकारीको भनाई छ । शर्माले काम एकलो जिम्मेकारी पाएपछि तीब्र रूपमा तिवाले पुलको निर्माण कार्य गरिहेका थिए । शर्माले जसरी भएपनि यसबर्ष नै पुल निर्माण गरि सरकारलाई दिने साथ त्यारी रहेको बेला साईड किलिरेन्सको समस्यामा परेको शर्माको कर्मचारीको भनाई छ । बिधुत पोल जग्गाको मुअब्जाको समस्याले सो पुलको निर्माण कार्यमा ढिलाई भएको कर्मचारीको भनाई छ । तर जे समस्या भएपनि सरकारको सरोकारवाला निकायहरू अहिलेसम्म के गरिहेका छन भन्ने सोध्ने कोही छैन । पर्सा जिल्लाको लागी महत्त्वपूर्ण योजनाको रूपमा रहेका तिलावे पुल ७ बर्षमा नबन्नु तथा ठेकेदारले लापरवाही गर्नुमा को दोषी जानताले खोज्ने बिषय छ । बिगत ७ बर्षमा अवधीमा सो निर्वाचन क्षेत्रबाट २ जना सांसद छानिएपनि उनीहरूले अहिलेसम्म सो पुलको बारेमा कसैले अहिलेसम्म आफनो धारण व्यक्त गरेका छैन । संसदिय बिकास क्षेत्र भित्र भएका राम्रा तथा नम्रा लगाएत अन्य बिषयको बारेमा जनताहरूको सरोकारवालाहरूको समस्याको बिषयमा सरकारसंग कुरो गर्ने ती सांसदहरूको अदुर्दशर्ताको कारण यस्तो समस्या पर्सा बासीहरूले भोगी रहेको बताएका छन ।

## वन संरक्षणमा सामूहिक प्रयास आवश्यक -प्रजिअ कटुवाल

प्रस, निजगढ, ३२ असार/

वनको संरक्षण विना मानव जीवनको अस्तित्व भनै संकटमा पर्ने भएकोले वन संरक्षणमा वन कर्मचारी, संरक्षणकर्मी, जनप्रतिनिधि, आमनागरिक, सञ्चारकर्मी लगायत अन्य सरोकारवाला निकायहरूको सामूहिक प्रयास आवश्यकता रहेको बाराका प्रमुख जिल्ला अधिकारी कृष्ण बहादुर कटुवालले बताएका छन् । डिभिजन वन कार्यालय बाराद्वारा शनिवार सिमरामा आयोजित वन संरक्षण सम्बन्धि अर्न्तक्रिया एंव वन डढेलो नियन्त्रण तथा ब्यवस्थापन योजना कार्यावन्यन कार्यक्रमका प्रमुख अतिथि समेत रहेका प्रजिअ कटुवालले सो कुरा बताएका हुन ।

वनजंगल अर्थात रूखबाट अक्सिजन प्राप्त हुने जसबाट स्वच्छ वातावरण पैदा हुने भएकोले मानव जीवन पनि प्रकृतिकै सचेत एक अंग अर्थात हिस्सा भएकोले यसको संरक्षणमा लाग्नुको अर्को विकल्प नभएको उनले भने ।

यसको नोक्सानी गर्ने पनि मानव र संरक्षण गर्ने पनि मानव नैं रहेकोले संरक्षणमा विशेष जोड दिनु पर्ने प्रमुख अतिथि एंव प्रजिअ कटुवालको भनाई थियो ।

कार्यक्रमको बारेमा प्रकाश पार्दै डिभिजन वन कार्यालय बाराका प्रमुख एंव डिएफओ विनोद सिंहले अन्य प्रदेशको तुलनामा मधेश प्रदेशमा वनजंगलको क्षेत्र निक्कै न्यून भएकोले संरक्षणमा संघिय सरकारको जिम्मेवारी, दायित्वसंगै प्रदेश सरकार, स्थानीय सरकारको पनि त्यत्तीकै रहेको बताए ।

"वन संरक्षणमा अभ्र बढी स्थानीय तहको चासो र चिन्ता बढ्नु पर्दछ । प्रकृति रूपमा भन्दा मानविय गतिविधिका कारण वनजंगल क्षेत्रमा हानि नोक्सानी हुने गरेको छ," डिएफओ सिंहले भने । वन क्षेत्रको बोट विरूवा, रूख मासेर खनजोत गर्ने, जर्बजस्ती बस्ती नैं बस्ने, विभिन्न धार्मिक मठ मन्दिर, गुम्वा, चर्च


प्रजिअ कृष्णबहादुर कटुवाल


डिएफओ विनोद सिंह



निर्माण गर्ने, खेल मैदान, पार्क बनाउने जस्ता गैर कानुनी गतिविधिले वन क्षेत्र भनै अतिक्रमणको ठुलो चपेटामा पर्दै आई रहेको भन्दै अब्यवस्थित चरिचरण, वन डढेलोका कारण पनि वन क्षेत्रमा असर परि रहेको जानकारी दिए ।

त्यसै गरि वनजंगल आसपासका स्थानीय जनता र वन संरक्षणकर्मी बिचको द्वन्द्व न्यूनिकरणको उचित निकास नखोजिए सम्म वनजंगल संरक्षणमा भेल्दै आई रहेको कठिनाई बल्भी नैं रहने भन्दै यसका लागि जनप्रतिनिधिहरूले पनि जनताका अति आवश्यक हक अधिकारलाई स्थापित गराउदै वनजंगल क्षेत्रको संरक्षणमा इमानदारीता साथ लाग्नु पर्ने निजगढ नगर प्रमुख सुरथ पुरीको भनाई थियो । वन संरक्षणको अर्को विकल्प नैं नभएको समेत उनले बताए ।

कार्यक्रममा जिल्ला स्थित सुरक्षा निकायका प्रमुख एंव प्रतिनिधि, इलाका प्रशासन कार्यालय सिमराका प्रमुख मोहन प्रसाद अर्याल, सामुदायिक वन उपभोक्ता महासंघ (फेकोफन) बारा अध्यक्ष रामजी प्रसाद बजगाई, पथलैया साभ्रेदारी वन ब्यवस्थापन समितिका अध्यक्ष गणेश प्रसाद साह, नेपाल पत्रकार महासंघ बारा अध्यक्ष रेशम तिवारी, नेपाल फोटो पत्रकार महासंघ बारा अध्यक्ष जीतलाल श्रेष्ठ, सञ्चारकर्मी, वन संरक्षणकमी लगायतको सहभागिता रहेको थियो । स्वागत सहायक वन अधिकृत जवाहर प्रसाद कुर्मी र कार्यक्रम सञ्चालन सहायक वन अधिकृत अनिल साहले गरेका थिए ।

## अस्पतालमा जथाभावी दाउरा बाँडियो

प्रस, परवानीपुर, ३२ असार/

वीरगंज २८ बगहीमा रहेको प्राथमिक स्वास्थ्य केन्द्रको हाता भित्र रहेको भिस र सिसौंको हजारौ मूल्य बराबरको दाउरा काठ जथाभावी बाडने काम भएको खबर छ ।

वडा अध्यक्ष सर्यूग महतोको सक्रियतामा उक्त काम भएको गाउँलेले आरोप लगाएका छन् । यसअघिका जनप्रतिनिधिले अस्पताल भित्रका दर्जानौं रूखबाट निस्केको हाँगा तथा दाउरालाई लिलामी गरी बिक्री गर्दा अस्पताललाई आम्दानी हुने गरेको थियो ।तर यसपाली जथाभावी वडा अध्यक्षले बाडेको गाउलेको गुनासो छ । उक्त अस्पताल भित्र करिब ६० भन्दा बढि रूख छन् । वर्षेनी रूखको हागा काटदा मात्रै करिब ४० हजार बराबरको दाउरा निस्किने गरेको छ । तर वडा अध्यक्षले लिलामी नगरी आफ्नो आसोपासे कार्याकर्तालाई दाउरा बाडेको आरोप छ ।

यसविषयमा वडा अध्यक्ष महतोसंग बुभ्रदा जसले रूखको हाँगाविङ्गा कटानी गरी सरसफाई गरेको त्यसैलाई दाउरा बाँडेको बताए । तर उनले धेरै मूल्यको दाउरा नभएकोले लिलामी नगरिएको बताए ।

## पसा/बाराकाको विभिन्न स्थानमा २२१ जनाद्वारा रक्तदान

प्रस, वीरगंज, ३२ असार/

वीरगंज तीन ठाउँ र बाराको एक ठाउँ गरि शनिवार चार ठाउँमा भएको रक्तदान कार्यक्रममा २२१ जनाले रक्तदान गरेको रक्तसञ्चार केन्द्र वीरगंजका प्राविधिक प्रमुख सौरभराज पाण्डेले बताए ।

बाराको परवानीपुर गापा–४ चैनपुर टोलमा न्यू जगदम्बा माई युवा क्लबको आयोजन गरेको रक्तदान कार्यक्रममा एकजना महिलासहित ८५ जनाले रक्तदान गरेको थिए ।

शत्रुघ्न पटेल, दीपक पटेल, सिताराम राम, शुशिल चौधरी,धर्मेन्द्र महतो, सुरज गुप्ता, पशुराम राउत कुर्मीलगायतले रक्तदान गरेको रक्तसञ्चार केन्द्र वीरगंजका प्राविधिक धीरेन्द्र झाले बताए । कार्यक्रम गापा अध्यक्ष रामक्षात्रीप्रसाद पटेलको अध्यक्षतामा भएको थियो ।

यसैगरी श्रीराम अस्पताल वीरगंजले आयोजना गरेको रक्तदान कार्यक्रमा आठ



तस्वीरः प्रतीक

जना महिलासहित ५१ जनाले रक्तदान गरेका थिए ।

त्यसैगरी सत्यसाई सेवाकेन्द्र वीरगंजले आयोजना गरेको ११ जना महिलासहित ५१ जनाले रक्तदान गरेका छन् भने नेपाल इन्जिनियर्स एसोसिएसनले वीरगंजले आयोजना गरेको रक्तदान कार्यक्रममा ३४ जनाले रक्तदान गरेको रक्तसञ्चार केन्द्र वीरगंजका प्राविधिक प्रमुख पाण्डेले बताए ।

## विचारसार र सूक्तिहरू

**मनुष्यको जीवनमा तीनवटा ठूलो घटनाविवादरहित हुन्छ– प्रथम जन्म, द्वितीय विवाह र तृतीय मृत्यु**


प्रकाशक : प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११
प्रधान सम्पादक : जगदीशप्रसाद शर्मा
व्यवस्थापक/सम्पादक : विकाश शर्मा
सम्पादक : शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप)
समाचार सम्पादक : आरके पटेल
बारा विशेष प्रतिनिधि : गम्भीरा सहनी
मुद्रकः प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com, prateekdainik@yahoo.com
Website: www.prateekdaily.com


# मनोमय कोशको स्वरूप एवं साधना–पद्धतिको सार्वभौमिकता

अन्नलाई हाम्रो ग्रन्थमा जीवनको आधार बताइएको छ। अन्न यस शरीरमा स्थूल र सूक्ष्म दुई प्रकारले जानिन्छ। स्तूल अन्न शरीरलाई बलवान बनाउँछ र सूक्ष्म अन्न हाम्रो मन–मस्तिष्कको खुराक बनेर हाम्रो आत्मालाई–हाम्रो प्राणलाई उच्च बनाउँछ। अन्नको रक्त, मज्जा, वीर्यादि परिणामले प्राप्त हुने कार्यको लागि ६ कोशहरूमध्ये एउटा

**वस्तुतः सर्वप्रथम उत्पन्न हुने कारण अन्न प्राणीभन्दा ज्येष्ठ छ नै, श्रेष्ठ पनि छ, किनभने जसरी अनेक तुषावाला धानबाट जसरी तुषारहित गरेर चामल निकालिन्छ, त्यसैप्रकार अन्नमयबाट लिएर आनन्दमयकोशपर्यन्त सम्पूर्ण शरीरको अपेक्षा आन्तरतम ब्रह्मलाई तत्त्वज्ञानद्वारा आफ्नो पत्यगात्म रूपले अपरोक्ष अनुभवगराउने इच्छा राख्ने जति पनि शास्त्र छ, त्यो सबै अविद्या परिकल्पित पञ्चकोशलाई बाध गरेर त्यस परमात्मा नै ज्ञान गराउने योग्यता देखाउँछ।**

कोश अन्नमय हुन्छ। अन्नमयकोशको सम्बन्ध मनसँग हुन्छ। हामीले खाएको अन्नको अतिसूक्ष्म रूपमा परिणत अंश नै मन कहलाउँछ। अन्नबाट मन बनेको हुन्छ। यसैले अन्न नै मनोमयकोषलाई बलवान् बनाउँछ। मन, बुद्धि, चित्त, अहंकार एक सूत्रमा बुनेको मोतीसरह हुन्छ। चित्तमा जुन मनोमय कोश छ, त्यसमा नजाने कतिऔं जन्मको संस्कार भरिएको छ। मनसँग जोडिएको मनको धारा–मन–बुद्धि–चित्त र अहंकार हो– यो धाराहरू मनको तरङ्ग हो। यी तरङ्ग नै मनमा परिवर्तित हुन्छ र यसप्रकार कालको स्थिति अनुसार एक दुई होइन, अनेकौं मनवाला भएर मनुष्य थाहा छैन कतिऔं निर्माण गर्छन्। निर्माणको यो संस्कार जुन पहिलेको हो, त्यो मनलाई अतिसूक्ष्म बनाउँछ। तब मनुष्य सूक्ष्म मनवाला भएर अध्यात्मको क्षेत्रमा रमण गर्दै आत्मतत्त्वको प्राप्तितर्फ उन्मुख हुन्छ, उसको प्राप्ति आफ्नो परमलक्ष्य मान्छ।



अन्नलाई प्राण यसकारण भनिएको छ, किनभने यस अन्नबाट प्राण बलवान बन्छ। प्राण उच्च बन्छ। प्राण बलवान वा उच्च भएपछि वा बनेपछि मन पवित्र र बलवान् बन्छ। उसमा स्वभाविक चञ्चलता रहँदैन। मनले स्थिरता प्राप्त गर्दै गएपछि सूक्ष्म र अतिसूक्ष्म पदार्थको चिन्तन गर्न थाल्छ र त्यसको उत्पत्ति आदि रहस्य बुझ्न थाल्छ। प्राण र मनमा आत्मा विश्राम गर्न थाल्छ, चेतनाको गुण आउनु स्वभााविक रूपले शुरू हुन्छ। तब परमात्माको ज्ञान परमात्माको गुण उसमा प्रवेश हुन थाल्छ। यसपछि उ विज्ञानको क्षेत्रभन्दा माथि उठेर परमात्माको असीम आनन्दमा प्रवेश पाउँछ।

हामीले खाने अन्न शुद्ध, सात्त्वि एवं पवित्र हुनुपर्छ। यदि अन्न पवित्र भएन भने कुनै पनि व्यक्ति ऋषि–मेधालाई प्राप्त गनर्न सक्दैन। वेदको वास्तविक आचार्य त ऋषि–मेधाबाट युक्त हुन्छ। ऋत् यानी परमसत्यको ज्ञान गराउने मेधा अर्थात् ऋतम्भरा प्रज्ञाबाट सम्पन्न। अन्न खाद्य हो– भोजन हो प्राणको। प्राण अन्नलार्य निल्छ, ग्रहण गर्छ र ग्रहण गरेर बलवान हुन्छ।

अन्नाभ्द्वन्ति भूतानि अन्नको कोश अन्न प्राण यानी अन्नबाट उत्पन्न प्राणको आयतन हो, घर हो। अन्नमय प्राणबाट बनेको हुन्छ। प्राण र मनको क्रियाको सम्बन्धका ज्ञान हुनाले मनुष्य ब्रह्मवेत्ता बन्छ। रक्त, मज्जा आदि जति पदार्थ छन् त्यो मानव शरीरको अङ्ग हो, यो अङ्ग–रूप पदार्थ अन्नबाट विकासलाई प्राप्त गर्छ, तथापि पदार्थको ज्ञान अन्नको सूक्ष्म अंशरूपमा परिणत मनद्वारा नै हुन्छ। अन्नको मनसँ ग गहिरो सम्बन्ध हुन्छ। अन्न नै मन हो, अन्न नै ब्रह्म हो र यस अन्नरूप ब्रह्मलाई अन्नबाट जान्न सकिन्छ।

जति पनि शब्द छ, वर्ण छ, वाक्य छ, ती शून्यमा विचरण गरिरहेको छ। मन्त्रको समूह पनि शुन्यमै छ। त्यसलाई अनुभव गर्न सकिन्छ, सुन्न सकिन्छ र साधनाको परिपक्वावस्थामा हेर्न पनि सकिन्छ तर यो सबै मनको अतिसूक्ष्म भएपछि मात्र सम्भव छ। चेतन स्वरूप जुन परमात्मा हो, उसको प्रभावबाट यानी उसको शक्तिबाट जगत्को हरेक वस्तु क्रिया गरिरहेको छ, गतिमान छ। हिलडुल वा घुमिरहेको हरेक वस्तु–हरेक परमाणुको त्यस परमात्मासँग सम्बन्ध छ, परमात्माको शक्तिसँग जोडिएको छ। परमात्मा एक–एक कणमा, मनमा, हाम्रो विचारमा रमण गरिरहेको छ।

जीव र परमात्माकोयो सम्बन्ध अनादि छ। हामी फूललाई हेर्छौं, त्यसको सुन्दरता, बनावटप्रति मुग्ध हुन्छौं, स्पर्श गर्छौं, सुँघ्छौं र फ्याक्छौं। आफूबाट अलग गर्छौं, तर के हामीमा यति सामर्थ्य छ कि प्रकृतिको सम्पूर्ण फूललाई अलग गर्ने। सक्दनौं। सूक्ष्म रूपले यस प्रकृतिमा पहिलेदेखि नै कारणारूपबाट पुष्पको अस्तित्व छ, तब त त्यो कार्यरूपमा पहिले कोपिला, त्यसपछि फूल बन्छ। कुनै नयाँ वस्तु यस संसारमा बन्दैन, अपितु जुन पहिले थियो, त्यो अर्को रूपमा पैदा हुन्छ। वस्तुको उसको रूपको अन्तरण छ। स्थ ूल शरीरको अतिरिक्त सूक्ष्म र कारण दुई अन्य शरीर पनि हो। हाम्रो प्त्येक क्रियामा स्थूलभन्दा बढी सूक्ष्म योगदान हुन्छ। त्यस ब्रह्माको साक्षात् उपलब्धि मनसँगै हुन्छ। यसैले त्यसलाई मनोमय भनिन्छ। मनको अभिमानी वा मनद्वारा मनन गरिन्छ, यसैले मनोमय छ।

अन्न प्राणीभन्दा पहिले यस सृष्टिमा उत्पन्न भएको हो। अन्नबाट जड–चेतन समस्त प्राणी उत्पन्न हुन्छ। उत्तपत्तिपछि अन्नबाट जीवित रहन्छ। अन्नबाट नै बल प्राप्त गर्छ, बढ्छ र अन्त्यमा मृत्युपछि अन्नमै विलीन हुन्छ।

अमृत देवता र असुरहरूको सम्मिलित प्रयासबाट समुद्र मन्थनबाट निस्किएको थियो। सोम शब्दको प्रयोग चन्द्रमाको लागि पनि गरिन्छ। सोम अन्नको पनि नाम हो। यो हाम्रो शरीर सोमरूप अन्नको आहुति भएकोले जीवित छ। सूर्यमा सोम निरन्तर आहुत भइरहेको छ, जसको कारण प्रकृतिको सम्पूर्ण व्यवस्था चलिरहेको छ। वेदमा सोम एउटा तत्त्व हो, जसको साधनाको विभिन्न स्तरमा जानिन्छ।

अन्न प्राणीद्वारा खाइन्छ, र यो अन्न स्वयं पनि प्राणीलाई खान्छ, यसैले यो अन्न भनिन्छ। अन्न देहको वाचक हो। हिंडडुल, बोल्ने शक्ति अन्नको भक्षणबाट आउँछ, यसैले अन्न प्राण हो।यो प्राण, अपान आदि पाँच भेदवाला र चक्षु, स्रोत, मन रवाक्द्वारा विषयको उपलब्धि (ज्ञान)को साधन हुनाले पनि प्राण छ।

इन्द्र यद्यपि द्वादश प्राणमा गनिने प्राण हो, तर यो इन्द्र प्राणको दोस्रो प्राणभन्दा अलग आफ्नो अग्निमय रूपताले आफ्नो वरपरको प्रथम र उत्तम प्राणलाई समिद्ध गर्छ। समिद्ध यानी प्रदीप्त गर्ने गुणको कारण ऐन्ध हो। ऐन्ध शब्दको अपभ्रंशरूप नै इन्द्र हो। सूर्य जबसम्म सूर्य छ तबसम्म सूर्य छ तर जसरी इन्द्र नामको प्राण सूर्यभित्र प्रवेश गर्छ, तब सूर्य नभएर सविता कहलाउँछ। सविताको शब्दको अर्थ हो– सबै सम्पूर्ण जगतलाई उत्पन्न गनर्ने। यो इन्द्र सूर्यको प्रदीप्ति त हो नै। प्रदीप्ति क्रियाको ज्ञान हुनाले यही इन्द्र प्रदीप्तिको साधन पनि हो।

अग्निनमा सोम (अन्न)–को आहुत हुनाले वा सोमरूप इन्द्र रहनाले नै प्रकाश हुन्छ। इन्द्रको आफ्नो स्वरूपबाट क्रियाको ज्ञान र क्रियारूपमा सूर्यको समस्त प्राणलाई समिद्ध गर्छ। समिद्ध शब्दको अर्थ– प्राणलार्य राम्ररी एकत्रित गर्नेवाला हो। इन्द्रले जुन तत्त्व खोजेको थियो, यसलाई यक्ष वा महाद्यक्ष्यको नामले जानिन्छ। केन उपनिषद्मा यक्ष शब्दको अर्थ आदिकारण ब्रह्म दिइएको छ। त्यो सोम यानी उमाबाट युक्त ज्योति हो, जसलाई ब्रह्म भनिन्छ। वर्णमा प्रथम आकार अक्षर ब्रह्मको दर्शन हो। यस अक्षर ब्रह्मको सर्वप्रथम इन्द्रले साक्षात्कार गरेका थिए। ज्योतिरूप ब्रह्मको दर्शन नै इन्द्रद्वारा गरिने सोमपान हो। सोमलाई ज्ञानमयी बृहती ज्योति पनि भनिएको छ। भन्नुको आशय यो हो कि सोमको वृहती विधान क्रिया, व्यापारमा आवृत्त गरेर राखिएको थियो, जसको कारण त यो अप्रकट रहन्छ। तर जुन ओम अर्थात् ज्योतिलार्य थाहा पाउँछ यानी यस ज्योतिको साक्षात्कार गर्छ। त्यो स+ओम् (सोम) सोममय वा सोमपा –सोमलाई पिउनेवाला भनिन्छ। 'स अमृतत्वाय कल्पते'– त्यो अमृतरूप भएर अमृतको आनन्दमा लीनन हुन्छ।

गीताको वाक्य 'अन्नाद् भवन्ति भूतानि– अन्नबाट प्राणी उत्पन्न हुन्छ, यहाँ यस वाक्यमा भूतानि शब्दलाई प्राणीको अथवा पञ्चमहाभूतको वाचक नमानेरयदि पञ्चात्मनः, पञ्चकोशाः अथवा पंचप्राणा यस्तो मान्छौं भने तैत्तरीय उपनिषद् र ब्रहदारण्यक उपनिषद्मा भनिएको वाक्य सहज रूपले अर्थ प्रकट गर्न थाल्छ। पृथ्वी, अन्तरिक्ष, द्यौ, दिशाहरू र उपदिशाहरू–भूत तत्व हो, यो तैत्तरीय उपनिषद्को कथन हो। र यस उपनिषेधको अन्य वाक्यहरूमा यसको देवता अग्नि, वायु, आदित्य, चन्द्रमा र नक्षत्र हो। यसको प्राणलाई वाक् प्राणः चक्षुः मनः श्रोत्रं भनिएको छ। यसैले जो पृथ्वी आदि तत्त्व छ, त्यही वाक् आदि छ। यसलाई भूत शब्दबाट अभिहित गरिएको छ। त्यसो भए अन्न कुन तत्त्व हो ? यसको उत्तर छान्दोग्योपनिषद्को वाक्य– 'मन तत्त्व अन्नमय छ' मा भनिएको छ। यसलाई अझ स्पष्ट रूपले बृहदारण्यक उपनिषद्मा बताइएको छ कि अन्न नाम हो– अदिति नामक वाक्को। विकास यसबाट हुँदै गयो, यसले आफूभित्र समाहित गर्छ। अदन् खानेको अर्थमा ग्रहण हुनाले अदनबाट अत्ति बन्यो। अन्नलाई खाने क्रियाबाट युक्त अत्ति वा अदन अर्थलाई ग्रहण गरेर अदिति शब्द बन्यो। या अत्रि–खानेको क्रियावाला प्राणहरूको समूहको नाम अदिति हो।

अत्रिले चतुराज यज्ञ गरे, यसैले खाने यानी ग्रहण गर्ने सम्बन्धमा सबैभन्दा पहिले ज्ञान भयो। अतः ग्रहण लागेपछि अत्रि नै फिर्ता ल्याउँछ,यस्तो मान्यता छ। अत्रिको सोम र अर्यमा दुई छोरा थिए। अत्रिलाई पैता महर्षि भनिन्छ।

वस्तुतः सर्वप्रथम उत्पन्न हुने कारण अन्न प्राणीभन्दा ज्येष्ठ छ नै, श्रेष्ठ पनि छ, किनभने जसरी अनेक तुषावाला धानबाट जसरी तुषारहित गरेर चामल निकालिन्छ, त्यसैप्रकार अन्नमयबाट लिएर आनन्दमयकोशपर्यन्त सम्पूर्ण शरीरको अपेक्षा आन्तरतम ब्रह्मलाई तत्त्वज्ञानद्वारा आफ्नो पत्यगात्म रूपले अपरोक्ष अनुभवगराउने इच्छा राख्ने जति पनि शास्त्र छ, त्यो सबै अविद्या परिकल्पित पञ्चकोशलाई बाध गरेर त्यस परमात्मा नै ज्ञान गराउने योग्यता देखाउँछ।

# नीति र नियतका विरोधाभास



**समयान्तर**


ओमप्रकाश खनाल
omkhanal@gmail.com


**अहिले त सोझै प्रधानमन्त्री कार्यालयको रूची र हस्तक्षेप जोडिएको छ। कस्तो उद्योग र व्यापार अधि बढाउने भन्ने स्पष्ट नीतिको सट्टा व्यापारीदेखि सत्ता सञ्चालक र कर्मचारीहरू कसरी छोटो समयमा बढी कुम्ल्याउन सकिन्छ भन्ने ताकमा रहेसम्म अर्थतन्त्रको उन्नयन कसरी सम्भव होला र ?**

कोरोना महामारी र रूस–युक्रेन तनावबाट अहिले विश्वकै अर्थराजनीति शिथिल बन्दै छ। विश्वको समग्र आर्थिक सरोकार संकुचित भएका अध्ययन प्रतिवेदनहरू सार्वजनिक भइराखेकै छन्। हामीजस्तो परआश्रित अर्थतन्त्रका निम्ति संकटको दयरा अझ फराकिलो हुनु अस्वाभाविक होइन।

सरकारमा बस्नेहरूको नालायकी र स्वार्थ समूहहरूसँगको साँठगाँठले यसलाई अझ पेचिलो बनाइराखेको छ। सत्ता सञ्चालक र शक्तिको तहमा हालीमुहाली मच्चाउनेहरूको रवैयाले यसलाई थप सकसमा धेकेलेको छ। सत्ता यसमा कत्ति पनि गम्भीर देखिएको छैन, बरू यसबाट आर्जित लाभमा रमाइराखेको छ।

विदेशी विनिमय सञ्चिति घटेको छ। असर कम गर्न सरकारले अपनाएको आयात नियन्त्रणको नीतिबाट उपलब्धि कम, सकस बढी देखियो। उपभोक्ता मूल्य आकाशिएको छ। बैंकमा लगानीयोग्य रकमको चरम अभाव छ, यसमा रकमभन्दा पनि सरकारकै नीति बढी जिम्मेवार देखिन्छ।

तहगत भ्रष्टाचारले सीमा नाघेको छ। गाउँगाउँमा सिंहदरबार होइन, भ्रष्टाचारको अखडा पुगेको छ। सबै तहका सरकारहरू नीतिगत भ्रष्टाचारमा लिप्त छन्। राज्यमा सुशासनको जिम्मेवारी लिएको सरकार नै बेथितिको मुहान बनेको छ। थिति बसाल्ने र त्यसको कार्यान्वयनको मुख्य जिम्मेवारी लिएको सरकारलाई उल्टै नागरिकले खबरदारी गर्नुपरेको छ। यतिले नपुगेर सरकार र माफियातन्त्रको मिलेमतोको विरोधमा जनता सडकमै उत्रिएको अवस्था छ।

देशको अर्थतन्त्रको तालुकवाला मन्त्रालयका बेथितिमात्र यसको भेउ पाउन पर्याप्त छन्। यतिसम्म कि, माफियातन्त्रको मिलेमतो सार्वजनिक भएपछि मन्त्रीले नै राजीनामा दिएर बाहिरिनु परेको छ। मिलेमतोमा भएको अपचलनलाई भने सरकारले अझै सच्याएको छैन। सरकारी चाला र रवैया हेर्दा सरकार जनताको हो कि माफियाको ? यो प्रश्न आज जनजनमा मुखरित भइराखेको छ।

सरकार लगानी आकर्षण र व्यावसायिक वातावरणका कुरा गर्दछ। तर, लगानीको मुख्य स्रोत निजीक्षेत्र सरकारी नियत र नीतिको विरोधमा आन्दोलन गरिराखेको भेटिन्छ। निजीक्षेत्र आन्दोलनमा उत्रिनु भनेको स्वदेशमा लगानीको वातावरण कमजोर छ भन्ने स्पष्ट संदेश पनि हो। सरकारले ठूला पूर्वाधारमा बाहिरी लगानीको अपेक्षा गरिराखेको छ। सरकारी नीतिको विरोधमा स्वदेशकै निजीक्षेत्र सडकमा उत्रिएको परिदृष्यमा बाहिरको लगानी आउने कुरा कल्पनाबाहेक अन्य हुन सक्दैन।

सरकार र निजीक्षेत्रबीचको द्वन्द्वले लगानीमैत्री वातावरण नै कमजोर बनेको छ। लगानीमैत्री माहोल सरकारी बोलीबाट तय हुने होइन, लक्षित क्षेत्रले यसको अनुभूति गर्न पाएको छैन। व्यावसायी सडकमा उत्रिएको पहिलो पटक होइन। एक समय सुरक्षा माग्दै सडकमा ओर्लिने उद्यमी व्यापारी पछिल्लो समयमा नीतिगत चलखेलको विरोधमा अगाडि आए।

एक समय यो क्षेत्र सरकारी ऐन कानूनका सन्देहजनक प्रावधानको विरोधमा थियो। आज पनि २ दर्जन बढी कानूनमा लगानीकर्ताको असहमति छ। ममन गर्नुपर्ने तथ्य के हो भने कानून समाजमा सुव्यवस्था कायम गर्नका लागि हो। लोककल्याण यसको मूल ध्येय हो भने कानूनकै कारण सरोकारका पक्ष आतंकित हुने वातावरण बन्नु हुँदैन। यो कानूनको सफलता होइन।

कानूनको पालना गर्नु पर्दैन भन्ने कदापि होइन, तर कानूनका अव्यावहारिक र कतिपय उट्पटाङ व्यवस्थाकै कारण सुव्यवस्थामा खलल पुग्ने पनि हुनु हुँदैन। कानून नै भ्रष्टाचारको औजार बन्दछ भने त्यस्तो कानूनको अर्थ हुँदैन। यसले समाजमा थिति होइन, बेथिति र अराजकतालाई बढावा दिन्छ।

निजीक्षेत्र अर्थतन्त्रको एक मुख्य पक्ष त हो, तर अर्थतन्त्र सबैको साझा सरोकार बन्न सकेको छैन। अहिलेको प्रवृत्ति हेर्दा यो केवल निजीक्षेत्रको स्वार्थको विषयमात्र हो कि भन्ने भान पर्दछ। जबसम्म अर्थतन्त्र देश विकास र जनताको समृद्धि र सुखको आधार हो भन्ने चेत घुस्दैन, त्यतिबेलासम्म उद्योग व्यापार चलाउनेहरू सडकमा ओर्लिनुपर्ने बाध्यताको पुनरावृत्ति भइराख्छ।

नीतिगत अस्थिरता हाम्रो आर्थिक व्यवस्थाको अर्को मुख्य समस्या हो। हामीकहाँ कुनै पनि विकास नीति ५ वर्षभन्दा बढी टिकेको अनुभव छैन। हामीलाई आयात प्रतिस्थान चाहिएको हो कि निर्यात ? यसमै हामी स्पष्ट छैनौं। कृषिप्रधान अर्थतन्त्रको कुरा गर्दागर्दै अर्थतन्त्रमा यसको योगदान घटेर २३ प्रतिशतमा झरिसकेको छ। पर्यटन, उर्जा, पूर्वाधारलाई आर्थिक अभिवृद्धिका आधार मानिए पनि यसको रूपान्तरणमा रणनीतिको अभाव खट्किएको छ।

गौरवको नाम दिइएका २ दर्जनजति योजनाको हविगत हेर्दा ती गौरव होइन राष्ट्रिय लज्जाको उदारहण बनेको आभास हुन्छ। गौरवको बिल्ला भिराइएका अधिकांश योजना दशकौंदेखि अलपत्र अवस्थामा छन्। कतिमा धेरथोर काम अघि बढेको पनि छ, कति सरकारी ढुकुटीका लागि बोझ बनेका छन्। सतही र अल्पकालीन योजना र त्यसमा चरम भ्रष्टाचारले उपादेयतालाई सुदूरतिर धकेलिराखेको छ। योजनाको उपयोगिताको पनि एउटा समयसीमा हुन्छ। त्यो समयभित्र त्यसलाई उपयोग गर्न सकियो भनेमात्र सान्दर्भिकता हुन सक्दछ। अन्यथा यस्तो योजना भ्रष्टाचारको अखडाबाहेक अन्य हुँदैन।

अर्थतन्त्र त्यतिबेला बलियो हुन्छ, जतिखेर हामीलाई आवश्यक बस्तुको उत्पादनमा हामी आफैं गर्दछौं वा हाम्रो खपतलाई चाहिने मूल्य निकासीबाट भित्र्याउन सक्दछौं। यसका लागि हामीले के आफैं उत्पादन गर्ने र कस्ता उत्पादनको आयात गर्ने ? यसमा स्पष्ट नीति चाहिन्छ। यी दुवै शर्तमा हामी असफल छौं।

हाम्रो वैदेशिक व्यापारको डालो हेर्ने हो भने १५ खर्ब रूपैयाँबराबरको बस्तु आयात हुँदा निर्यात १ खर्ब पनि छैन। भएकै निकासी व्यापार मूल्यअभिवृद्धिमा नभएर भारत र नेपालको राजस्व अन्तरको फाईदा कमाउन लक्षित छ। यसका वास्तविकभन्दा कागजी मूल्यअभिवृद्धिको ओज बढी छ।

उत्पादन भन्नेवित्तिकै जे पनि उत्पादन गर्ने र छोटै समयान्तरमा लगानी डुब्ने भयो भन्दै कोकोहोलो मच्चाउने परिपाटी औसत बनेको छ। स्थानीय कच्चा पदार्थमा आधारित बढी मूल्यअभिवृद्धि दिनसक्ने खालका उत्पादनको अभ्यास स्थापित हुन सकेको छैन। स्थानीय स्रोत र कच्चा पदार्थको दोहनमा आधारित उद्यमलाई बढावा दिन नसक्दा औद्योगिकीकरणमा कच्चा पदार्थदेखि बजारसमेत परनिर्भर छ।

जति नै उत्पादन अभिवृद्धि र निकासीका कुरा गरे पनि उत्पादनको लागत र गुणस्तर प्रतिस्पर्धी नभएसम्म यो सम्भव छैन। बाहिरबाट कच्चा पदार्थ झिाएकार फेरि उतै निर्यात कि त राजस्व अन्तरको फाईदा (घीउ र तेल) मा सम्भव छ, होइन भने अवैध निकासी (केराउ, मरिच, सुपारी इतयादि) बाट मात्रै सम्भव छ। यस्ता उपक्रमले क्षणिक फाईदा दिए पनि दीर्घकालका लागि हुँदैन। मूल्यअभिवृद्धि र रोजगारी बढाउने काम सम्भव छैन।

नाममात्रको उत्पादनबाट सीमित व्यापारीमात्र मोटाउने हुन्, अर्थतन्त्रमा खासै योगदान पुग्दैन। यसलाई उत्पादनभित्रको पनि अनुत्पादन उद्यम हो। कस्ता उत्पादनलाई प्रवर्द्धन गर्ने र कस्तालाई निरूत्साहित गर्ने भन्ने पनि सरकारी नीतिमा भरपर्ने कुरा हो। हामीकहाँको नीति कस्तो भने मरीच, केराउ, सुपारी जति पनि ल्याउन दिने, तर ओसारपसार किन गरिस् भनेर समातेर भन्सार पनि बुझाउने द्वैध मापदण्ड छ। प्रकारान्तरले यो आयात अनुमतिदेखि बजार व्यवस्थापनसम्म भ्रष्टाचारको जड बनेको छ। पहिला यसको कोटा बिरतणमा सरोकारको विभाग मुछिने गरेको थियो। अहिले त सोझै प्रधानमन्त्री कार्यालयको रूची र हस्तक्षेप जोडिएको छ। कस्तो उद्योग र व्यापार अधि बढाउने भन्ने स्पष्ट नीतिको सट्टा व्यापारीदेखि सत्ता सञ्चालक र कर्मचारीहरू कसरी छोटो समयमा बढी कुम्ल्याउन सकिन्छ भन्ने ताकमा रहेसम्म अर्थतन्त्रको उन्नयन कसरी सम्भव होला र ?

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस्। रिलिफ भवन फोन ९८४५११९४४८

## अन्तर्राष्ट्रिय समाचार

# महँगीले आक्रान्त अमेरिकी घरमै पकाउँदै, साथीभाइकामा पाहुना लाग्दै

वासिङ्टन, ३२ असार/सिन्ह्वा

बढ्दो महागीले आक्रान्त अमेरिकी नागरिक हिजोआज घरमै खाना पकाउन, परिवारसाग रमाउन र बेलाबखत


तस्वीरः सिन्ह्वा

आफन्ती तथा साथीभाइकोमा पाहुना लाग्न थालेका छन्। उनीहरूले सवारी साधन हाइक्याएर टाढाटाढासम्मको यात्रालाई पनि अहिले थाती राखेका छन्।

घरमै पर्याप्तमात्रामा खानेकुरा पकायो, सम्भवभएसम्म रेष्टुरा नगयो, घरै बस्यो। छोटो दुरीमा मात्र यात्रा गऱ्यो। खर्च जोगाउन यस्तै दैनिकी बनेको छ अमेरिकीको आजभोलि।

उत्तरी भर्जिनियास्थित एउटा सुपथमूल्य खुद्रा पसलमा भेटिएका जोन खाद्यवस्तुको चर्को मूल्यवृद्धिका कारण घरमा आफै विविध परिकार पकाउन थालेका छन्। आफ्नो पहिलो नाममात्र उद्धरण गर्न चाहने उनी विरलै रेष्टुरातिर जान्छन्। सरकारी कर्मचारी उनी एक झोला कुखुराका सााप्रा र १० टुक्रा कुखुराका पाखेटाको मूल्य उस्तै भएको बताउाछन्।

दशकौंपछि अमेरिकामा महागी अचाक्ली बढेको छ। खर्च जोगाउन धेरै अमेरिकी नागरिकले विविध उपाय अवलम्बन गरेका छन्। अमेरिकी उपभोक्ता मूल्य सूचकाङ्क चारदशकपछि पहिलोपटक गत जेठमा ९.१ प्रतिशतले बढेको थियो। त्यसयता खाद्य सूचकाङ्क १०.४ प्रतिशतले बढ्दा मध्यमवर्गीय अमेरिकीलाई हातमुखजोर्न धौधौ भएको छ। मूल्यवृद्धि नभएका कुनै वस्तु छैनन्। दशौालाख अमेरिकी इन्धनको मूल्य बढेपछि थप पिरोलिएका छन्।

चर्को मूल्य चुकाएर हवाईजहाजबाट यात्रा गर्ने चाहना पनि अब धेरैको रहेन। न्यूयोर्क महानगरका सेवा निवृत्त शिक्षिका ग्लोलिया ब्राण्डम्यानले हवाईजहाज नचढेको धेरै भयो। भाडा महागो भएकाले जहाजको सट्टा मोटरकारमा यात्रा गर्दै आएको बताउने उनले पेट्रोलको बढेको मूल्यले अब त्यसमा पनि यो वर्ष कटौती गर्ने तरखरमा आफू रहेको सुनाइन्। पुरानो कारलाई मर्मतसम्भार गरेर दौडाइरहेको उनले बताइन्। उच्च मूल्यकै कारण नयाा कार किन्न नसकेको उनको कथन छ।

उत्तरी भर्जिनियाका स्थायी बासिन्दा जेम्स पेट्रोलको मूल्य वृद्धिले तनाव बढाएको दुःखेसो गर्छन्। हरेकपटक कारको इन्धनटयाङ्क भर्दा उनले थप ३० डलर तिर्नुपर्छ। पाएसम्म र भ्याएसम्मसार्वजनिक यातायात सेवा प्रयोग गर्ने गरेको उनले बताए।

घरभाडा पनि अनपेक्षितरूपमा बढेको छ। त्यो अहिले १२ देखि २० प्रतिशतले वृद्धि भएको छ। केन्टकीको किराना पसलमा काम गर्ने आफ्नी भतिजी घरभाडा तिर्न नसकेर आफूसागै बस्न आएकी आर्था फक्स जोन बताउाछिन्। बढ्दो आवास भाडाले घरबारविहीनको सङ्ख्या बढ्ने चिन्ता पनि अमेरिकामा बढेको छ। देशको अर्थतन्त्रसाग पनि अमेरिकी नागरिक खुशी नभएका अन्तरराष्ट्रिय मुद्राकोषका एकजना पूर्व अधिकारीले बताएका छन्।

# महामारीले बढायो जुवातासको लत

सिड्नी, ३२ असार/सिन्ह्वा

कोभिड–१९ को महामारीका बेला अष्ट्रेलियाली युवामा 'अनलाइन' जुवाको लत लागेको पाइएको छ। सङ्क्रमण नियन्त्रणका निम्ति सरकारले जारी गरेको बन्दाबन्दी आदेशको पालना गर्ने सिलसिलामा युवावर्ग अनलाईन बाजी थाप्ने, जुवातास खेल्नेलगायत गतिविधि बढेको नयाँ सर्वेक्षणले देखाएको हो।

नेशनल लाइब्रेरी अफ मेडिशिनले शुक्रबार सार्वजनिक गरेको सर्वेक्षणअनुसार १९ वर्षमुनिका एक हजार किशोरकिशोरीमध्ये ३० जनामा मानसिकरूपमा इन्टरनेट गेमिङ डिसअर्डर पाइएको छ। विकासात्मक मनोवैज्ञानिक एवम् म्याक्वेरी विश्वविद्यालयका एशोशिएट प्रफेसर वेन वारबर्टनले इन्टरनेट गेमिङ डिसअर्डरका कारण उनीहरूमा विद्यालयले दिएका गृहकार्य, पारिवारिक सम्बन्ध र मानसिक स्वास्थ्यलगायत दैनिक जीवनमा गम्भीर असर पर्नसक्ने बताएका छन्।

इन्टरनेट गेमिङ डिसअर्डरबाट प्रभावितहरूमा चिडचिडापन, विगतका आमोदप्रमोद एवम् मनोरञ्जनका कुरामा अरूची र वेवास्ता गर्ने तथा गेमिङबाट उनीहरूलाई रोक्न खोज्दा उनीहरूबाट आक्रमणसमेत हुनसक्ने मनोवैज्ञानिक वारबर्टनले सर्वेक्षणमा उल्लेख गरेका छन्।

प्राध्यापक वारबर्टनले अमेरिकी तथ्याङ्लाई पनि सर्वेक्षणमा उद्धृत गरेका छन्। सन् २०२१ मा दैनिक औसत


तस्वीरः सौजन्य

पाँचसय २० मिनेट मनोरञ्जन स्क्रिनमा बिताएका किशोरकिशोरीको त्यो समय कोरोना महामारीअघि औसत दैनिक चारसय मिनेटमा सीमित थियो। सामाजिकरूपमा साथीभाइसँग घुलमिल हुनेभन्दा पनि इन्टरनेटमा उपलब्ध मनोरञ्जनात्मक गतिविधिमा उनीहरू अधिकमात्रामा व्यस्त रहेका पाइएको छ।

# मेक्सिकोमा हेलिकप्टर दुर्घटनाः चौध सैनिकको मृत्यु

मेक्सिकोसिटी, ३२ असार/सिन्ह्वा

मेक्सिकोमा हेलिकप्टर दुर्घटना हादा १४ जना समुद्री सैनिकको मृत्यु भएको छ। देशको उत्तरी भागमा शुक्रबार भएको उक्त दुर्घटनामा उनीहरूको ज्यान गएको हो। लागूऔषध तस्करी एवम् ओसारपसारमा संलग्नलाई पक्राउ गर्न खटिएका समुद्री सैनिक हेलिकप्टर दुर्घटनामा मारिएका मेक्सिकोको नौसेनाले आज जनाएको छ। दुर्घटनामा एकजना भने बााचेका छन्।

नौसेनाको स्वामित्वमा रहेको ब्ल्याक हक हेलिकप्टरले उत्तरी राज्य सिनालोआमा एकदिन अघि पक्राउ परेका गुआडालाजारा कार्टेलका संस्थापक राफेल कारो क्विन्टेरो बोकेको अर्को विमानको सुरक्षा गरिरहेको थियो।

दुर्घटनामा ज्यान गुमाएकाप्रति नौसेनाले शोक व्यक्त गरेको छ। दुर्घटनाको कारण अज्ञात छ। कथित लागूऔषध तस्करको गिरफ्तारीका कारण उक्त दुर्घटना नभएको नौसेनाले जनाएको छ। राफेललाई

संयुक्त राज्य अमेरिकाले आफ्ना अधिकारी एनरिक क्यामरेना सालाजारको हत्या गरेकाले निजलाई अमेरिकासमक्ष सुपुर्दगी गर्नुपर्ने माग गर्दै आएको छ। यसै विषयलाई लिएर मेक्सीको र अमेरिकाबीचको सम्बन्ध केही समय तनावपूर्ण भएको थियो।

## आजको राशिफल

| | |
|---|---|
| मेष – प्रसन्नता | वृष – सफलता |
| मिथुन – ईश्वरभक्ति | कर्कट – रोगभय |
| सिंह – व्यापारवृद्धि | कन्या – शत्रुभय |
| तुला – कार्यनाश | वृश्चिक – भयचिन्ता |
| धनु – मित्रमिलन | मकर – कान्तिक्षय |
| कुम्भ – अन्नलाभ | मीन – खर्चवृद्धि |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया


## रानीघाट–पोखरिया बस समिति

भिस्वा– बिहान ७:४० बजे
भिस्वा– बिहान १०:०० बजे
भिस्वा– मध्याहन १२:०० बजे
भिस्वा– दिउँसो १:३० बजे
दसौता– दिउँसो २:३० बजे
सेढवा– दिउँसो ३ बजे
देउरिया– दिउँसो ३:१५ बजे
भिस्वा– दिउँसोः ३:४० बजे

समयमा कर तिर्ने बानी बसालौं
जिम्मेवार नागरिकको परिचय दिऔं।

वीरगंज महानगरपालिका कार्यालय


# भुक्तानी पाउन नसकेका योजनालाई आगामी आवमा समावेश गर्न निर्देशन

जनकपुर, ३२ असार/रासस

मधेस प्रदेशसभा बैठकले चालु आर्थिक वर्ष २०७८/७९ मा सञ्चालन भई भुक्तानी पाउन नसकेका योजनालाई आगामी आर्थिक वर्ष २०७८/७९ मा समावेश गर्न प्रदेश सरकारलाई निर्देशन दिएको छ। प्रदेशसभाको आज बसेको बैठकमा प्रदेशसभा सदस्यले प्रदेश सरकारको कमजोरी र कर्मचारीको लापरवाहीका कारण आफूहरूको संसदीय कोषबाट सञ्चालित योजनाको समयमा भुक्तानी नहुँदा समस्या भएको भन्दै जरूरी सार्वजनिक महत्वको प्रस्ताव ल्याएपछि सभामुख सरोजकुमार यादवले प्रदेश सरकारलाई यस्तो निर्देशन दिनुभयो।

"प्रदेश सरकारले आर्थिक कार्यविधिअन्तर्गतका ऐन, कानुन र नियमावली बनाउन नसक्दा आवको अन्तिममा योजनाको भुक्तानी रोकिएर समस्या भएको हो", सभामुख यादवले भन्नुभयो, "प्रदेश सरकारले समयमा आर्थिक कार्यविधिअनुसार नियमावली तयार नगर्दा अझै पनि सङ्घीय सरकारकै आर्थिक कार्यविधिअनुसार भुक्तानी हुँदै आएको छ। तसर्थ प्रदेश सरकारले तत्काल आर्थिक कार्यविधिअनुसारको ऐन, कानुन र नियमवाली तथा सर्भर निर्माण गर्न सरकारलाई यो प्रदेशसभाको बैठकले निर्देशन दिन्छ।"

यस्तै बैठकले चालु आव २०७८/७९ मा सञ्चालन भई भुक्तानी हुन नसकेका योजनालाई आगामी आव २०७८/७९ मा समावेश गर्न र भुक्तानीको व्यवस्था मिलाउन सरकारलाई निर्देशन दिएको सभामुख यादवले बताउनुभयो। साथै आवको अन्तिममा भुक्तानी दिन लापरवाही गर्ने र कार्यालयमा अनुपस्थित हुने कर्मचारीमाथि कारबाही गर्न समेत प्रदेशसभा बैठकले सरकारलाई निर्देशन दिएको छ।

आज दिउँसो बसेको बैठकमा प्रदेशसभा सदस्यहरूले सम्पन्न भइसकेका योजनासमेत भुक्तानी रोकिँदा उपभोक्ता



तस्वीरः फाइल

मारमा परेको भन्दै भुक्तानी हुन नसक्नुमा कसको कमजोरी हो भन्ने छानबिन गर्न मागसमेत गरेका थिए। प्रदेशसभाको बैठकमा जरूरी सार्वजनिक महत्वको प्रस्ताव पेश गर्नुहुँदै प्रदेशसभा सदस्य शैलेन्द्रकुमार यादवले संसदीय कोषबाट सञ्चालन भएको र सम्पन्न भइसकेका योजनाको समेत भुक्तानी नहुँदा उपभोक्ता मारमा परेकाले यो प्रस्ताव ल्याएको बताउनुभयो।

"अधिकांश योजना सम्पन्न भइसक्दा पनि भुक्तानी हुन सकेन", उहाँले भन्नुभयो, "यसमा दोषी को ? उपभोक्ता, सरकार वा कर्मचारी ? यसका विषयमा छलफल हुनुपर्छ, त्यसैले यो प्रस्ताव ल्याएको हुँ", उहाँको भनाइ थियो।

सो प्रस्तावको समर्थन गर्दै प्रदेशसभा सदस्यहरूले योजनाको भुक्तानी किन रोकिएको हो भन्नेबारेमा सरकारको जवाफसमेत माग गरेका थिए। बैठकमा प्रदेशसभा सदस्य परमेश्वर साह, किशोरी साह (कमल), उपेन्द्र महतो, सुरिता साह, रानी शर्मा तिवारी, शिवचन्द्र चौधरी, नेत्रविक्रम साह, डा रीना यादव, रवीन्द्र बैठा, पारसप्रसाद साहलगायतले जरूरी सार्वजनिक महत्वको प्रस्तावमा समर्थन गर्नुहुँदै सम्पन्न भइसकेका योजनाको अबिलम्ब भुक्तानीको व्यवस्था मिलाउन सरकारसँग माग गर्नुभयो।

प्रदेशसभा सदस्यहरूबाट उठेका प्रश्नहरूको जवाफ दिनुहुँदै प्रदेश सरकारका अर्थमन्त्री शैलेन्द्रप्रसाद साहले असार २५ गते रातिदेखि सर्भर बन्द भएकाले चालु आर्थिक वर्षको भुक्तानी गर्न नसकिएको जानकारी दिनुहुँदै असार ३२ गतेसम्म भुक्तानीको व्यवस्था मिलाइदिन सङ्घीय सरकारसँग माग गरे पनि उपलब्धिमूलक परिणाम आउन नसकेको बताउनुभयो।

चालु आव २०७८/७९ मा सञ्चालन भई भुक्तानी हुन नसकेका योजनालाई आगामी आव २०७८/७९ मा समावेश गरी भुक्तानीको व्यवस्था मिलाइने प्रतिबद्धता मन्त्री साहले व्यक्त गर्नुभयो। प्रदेशसभा बैठक अर्को सूचना नहुञ्जेलसम्मका लागि स्थगन भएको प्रदेशसभा सचिवालयका सचिव रञ्जितकुमार यादवले जानकारी दिनुभयो।

# जलविद्युत् प्रवर्द्धनका लागि भारतीय लगानीकर्तालाई आह्वान

काठमाडौं, ३२ असार/रासस

नेकपा (माओवादी केन्द्र)का अध्यक्ष एवं पूर्वप्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले जलविद्युत्को क्षेत्रमा थप लगानी विस्तार गर्न भारतीय प्रवर्द्धकलाई स्वागत गर्न नेपाल आतुर रहेको बताउनुभएको छ।

तीनदिने भारत भ्रमणमा रहनुभएका अध्यक्ष दाहालले आज 'फाउन्डेशन फर पब्लिक अवेयरनेस एन्ड पोलिसी' (एफपिएपि) द्वारा आयोजित कार्यक्रमलाई सम्बोधन गर्दै कृषि, पूर्वाधार, सम्पर्क सञ्जाल, निर्यातजन्य लघु, साना तथा मझौला उद्योगलगायत उच्च सम्भावना भएका क्षेत्रलाई प्राथमिकतामा राखिएको बताउनुभयो।

जलविद्युत् उत्पादनमा नेपालमा प्रचुर सम्भावना रहेको उल्लेख गर्दै उहाँले भारत विश्व अर्थतन्त्रको मुख्य केन्द्र बन्दै गरेको अवस्थामा विद्युतीय ऊर्जाको माग बढी रहेको बताउनुभयो। ऊर्जा क्षेत्रमा भएका द्विपक्षीय सहकार्यमार्फत दुवै देशले सामूहिक लाभ लिन सक्ने जनाउँदै उहाँले ऊर्जा सुरक्षा र हरित विकासमा नेपालको जलविद्युत् महत्वपूर्ण हुने बताउनुभयो।



ऊर्जा क्षेत्रमा सहकार्यका लागि नेपाल र भारत गत अप्रिलमा सहमति भएको उल्लेख गर्दै उहाँले सोही आधारमा दीर्घकालीन रूपमा जलविद्युत्को विकास गरिने बताउनुभयो। नयाँ प्रसारण लाइनमार्फत अन्तरदेशीय प्रशारण लाइनको सवलीकरण गरिएको र यसबाट दुई देशबीचको ऊर्जा व्यापारको सम्भावना थप विस्तार भएको उहाँले बताउनुभयो।

"नेपालबाट ३६० मेगावाट विद्युत् भारत निर्यात भइरहेको छ, यसलाई दीर्घकालीन रूपमा विस्तार गर्न चाहन्छौं', पूर्वप्रधानमन्त्री दाहालले भन्नुभयो, "नेपाल–भारतबीच भएको पछिल्लो समझदारीका आधारमा बङ्गलादेश, भूटान, भारत र नेपाल सम्मिलित (बिबिआइएन) मार्फत क्षेत्रीय विद्युत् व्यापारका लागि मार्ग प्रसस्त भएको छ।"

# चिकित्सा शिक्षाको शुल्क वृद्धि

काठमाडौं, ३२ असार/रासस

राष्ट्रिय चिकित्सा आयोगले चिकित्सा शिक्षाको शुल्क निर्धारण गरेको छ। आयोगका उपसचिव मेघराज शर्माले शैक्षिक सत्र २०७८/७९ का लागि आयोगले चिकित्सा शिक्षाअन्तर्गत स्नातक तह, स्नातकोत्तर तह, स्नातकोत्तरभन्दा माथिल्लो तहका शैक्षिक कार्यक्रममा शुल्क निर्धारण गरेको बताउनुभयो।

उहााले स्नातक तहका १६, स्नातकोत्तर तहका ५४ र स्नातकोत्तर तहभन्दा माथिका दुई शैक्षिक कार्यक्रमको शुल्क निर्धारण गरिएको जानकारी दिनुभयो। उहााका अनुसार गत शैक्षिक सत्रको भन्दा यसपटक ३.६ प्रतिशत शुल्क वृद्धि गरिएको छ।

स्नातक तहतर्फको कार्यक्रममा एमबिबिएस उपत्यकाभित्र रू ४१ लाख ६८ हजार ९०, एमबिबिएस उपत्यकाबाहिर रू ४५ हजार ९५ हजार ७२०, विडिएस रू २० लाख ९२ हजार २९०, बिएस्सी नर्सिङ रू १० लाख ३६ हजार शुल्क निर्धारण गरिएको छ।




यस्तै बिएस्सी एमआइटी, बिपिटी, बि. मेडिकल माइक्रोलोजी र बि. बायोक्यामेस्ट्री, बिपिएच, बिफार्मेसी, विपर टेक, बिएएसएलपी लगायतको शुल्क रू सात लाख ७७ हजार तोकिएको छ।

यस्तै स्नातकोत्तर तहतर्फ एमएस्सी मेडिकल माइक्रोबायोजी र एमएस्सी मेडिकल बायोक्यामेस्ट्री, एमएस्सी एमआइटी, एमएस्सी एमएलटीको पनि रू सात लाख ५७ हजार ८३० तोकिएको छ।

स्नातकोत्तर तहभन्दा माथि एमफिल क्लिनिकल साइकोलोजीको रू तीन लाख चार हजार २२० र डिएम/एमचिएचको रू २५ लाख ९० हजार शुल्क तोकिएको आयोगका उपसचिव शर्माले जानकारी दिनुभयो।



चुरेमा हरियाली बढेपछि पानीको स्रोत मूल, मुहानमा पानी बढ्नुका साथै जरुवा पलाएको छ । असारको अन्तिम साता बित्नै लाग्दा निजगढ नगरपालिका क्षेत्रमा वर्षा भएको छैन । अत्यधिक चर्को गर्मीले स्थानीयहरुको दैनिकी प्रभावित भएको छ । बकैया खोलाको पानीलाई सिंचाइ कुलोमार्फत खेतबारीमा पानी ल्याइँ यहाँका किसानहरुले रोपाइँ गरेका छन् । तस्वीरः जीतलाल श्रेष्ठ

# मन्दिरको लागि जग्गा हस्तान्तरण

प्रस, वीरगंज, ३२ असार/

वीरगंज महानगरपालिका–२४ रामगढवा अवस्थित श्री सोमेश्वरनाथ महादेव मन्दिरको प्राङ्गणमा जग्गा हस्तान्तरण तथा सम्मान कार्यक्रम आयोजना भएको थियो ।



तस्वीरः प्रतीक

रामगढवा निवासी स्वर्गीय गोरख राउत कुर्मिको सुपुत्र तथा मन्दिर संरक्षण समितिका अध्यक्ष पन्नालाल प्रसाद कुर्मिको अध्यतामा भएको कार्यक्रमको उनले समापन गर्दै बुबाको बर्षौंको सपना सकार भएको बताए । उनले लगभग ३५ लाख मूल्य बराबरको ६ धुर जग्गा मन्दिर संरक्षण समितिको नाउँमा हस्तान्तरण गरेका हुन् । कुर्मिलाई दोसल्ला ओढाएर फूलमाला तथा टीका लगाई सम्मान पत्र प्रदन गरिएको थियो ।

कार्यक्रममा मन्तव्य व्यक्त गर्दै हिन्दु परिषद नेपालका अध्यक्ष सन्तोष पटेलले धर्मनिरपेक्षताको नाममा हिन्दु धर्ममाथि विभिन्न तरीकाले प्रहार भइरहेको बताए । त्यसैगरी नेपाल विश्व हिन्दु महासङ्घका केन्द्रिय महासचिव अभिषेक तिवारीले ८४ प्रतिशत भन्दा बढी जनसङ्ख्या रहेको हिन्दुत्वको रक्षाका निम्ति समाज जागरूक हुनुपर्ने बताए ।

मन्दिर निर्माण कार्यमा विषेश भूमिका निर्वाह गरेका तत्कालिन हरिहरपुर गापाका अध्यक्ष रामबालक प्रसाद कुमीलाई टिका लगाई सम्मान पत्र पदान गरिएको थियो ।

मन्दिर निर्माण कार्यमा आर्थिक सहयोग गरेका मदन प्रसाद चौरसिया, पशुपति साह तेली, पवन कुमार गुप्ता, बैजनाथ प्रसाद चौरसिया, लक्ष्मण प्रसाद चौरसिया, अशोक लाठ, जगरनाथप्रसाद कुर्मी, जङ्गाली राउत कुर्मी लगायत विभिन्न व्यक्तित्वहरूलाई गम्छा ओढाई सम्मान पत्र प्रदान गरिएको थियो ।

कार्यक्रमका प्रमुख अतिथि वीरगंज महानगरका प्रमुख राजेशमान सिंह कार्य व्यस्तताका कारण अनुपस्थित थिए भने वडा नं २४ का अध्यक्ष बिजय पटेल, विश्व हिन्दु परिषद नेपाल, पर्साका अध्यक्ष शम्भू महतो थारू, अधिवक्ता सुरेन्द्र प्रसाद कुर्मी, हरिहरपुर काफला काँवरिया सङ्घका प्रमुख अजय त्रिपाठी, निवर्तमान वडा अध्यक्ष दशरथ पटेल, पत्रकार राजेश मिश्र, राजेन्द्र सिंह राजपुत लगायत रामगढवाका सर्वसाधारण मानिसहरूको उपस्थिति रहेको थियो । स्वागत मन्तव्य सामाजिक अभियन्ता प्रकाश थारूले गरेका थिए भने सञ्चालन सोमेश्वरनाथ महादेव मन्दिरका सचिव कन्हैया पटेलले गरेका थिए ।






# अखिलको जिल्ला सम्मेलन

प्रस, जीतपुर, ३२ असार/

अनेरास्ववियु बाराको २३ औ जिल्ला सम्मेलन शनिवार सिमरामा शुरू भएको छ । अनेरास्ववियुकी केन्द्रीय अध्यक्ष सुनिता दाहालले सम्मेलनको उद्घाटन गरेकी थिइन् । उनले अनेरास्ववियु शैक्षिक आन्दोलन मात्रै नभएर राजनैतिक आन्दोलनको पनि नेता भएको दाबी गरिन् ।



तस्वीरः प्रतीक

जिल्ला संयोजक श्यामकृष्ण घिमिरेको अध्यक्षतामा भएको कार्यक्रममा पोलिटब्यूरो सदस्य पुरूषोत्तम पौडेल, ज्वाला साह, अच्युत मैनाली, नेकपा एमालेका नेताहरू मनोज पौडेल,टेक प्रसाद चौलागाई र दुर्गा गौतम अनेरास्ववियु मधेस प्रदेश संयोजक अन्जना सिवाकोती, सह संयोजक त्रिलोक विक्रम शाह लगायतले सम्मेलन सफलताको शुभकामना व्यक्त गरेका थिए । कार्यक्रमको सहजीकरण हरि लामाले गरेका थिए । सम्मेलनले सरोज खनालको अध्यक्षतामा ३९ सदस्यीय जिल्ला कमिटी गठन गरेको छ ।

# गाँजा र ट्रकसहित ३ जना भारतीय पक्राउ

प्रस, वीरगंज, ३२ असार/

वीरगंज महानगरपालिका वडा नं २५ श्रीसिया हुँदै लागू औषध गाँजा ओसार–पसार कार्य भइरहेको सूचनाको अधारमा जिल्ला प्रहरी कार्यालयबाट प्रहरी निरीक्षक प्रज्वल थपलियाको नेतृत्वमा गएको टोलीले NL02 G3791 नम्बरको भारतीय ट्रकलाई रोकी जाँच गर्दा उक्त ट्रकको चालक बस्ने क्याबिनमा लुकाइछिपाइ राखेको अवस्थामा १० किलोको २५ पोका २५० किलो गाँजा बरामद गरेका छन् ।

लागू औषध गाँजासहित पक्राउ परेका तीनजना भारतीय नागरिक रहेका छन् ।



तस्वीर सौजन्यः जिप्रका, पर्सा

पक्राउ पर्नेमा मोतिहारी, सुगौली थाना निवासी २० वर्षीय साहेव आलम, मोतिहारी रामगढवा निवासी ४५ वर्षीय गुलाब मियाँ अन्य एकजना १७ वर्षीय नाबालक रहेको प्रहरीले जनाएको छ ।

# चार टयाक्टर मल बरामद

प्रस, सिम्रौनगढ, ३२ असार/

भारतबाट नेपाल ल्याउँदै गरेको चार टयाक्टर युरिया मल भारतीय एसएसबीले नियन्त्रणमा लिएको छ ।

रौतहटको ईशनाथ नगरपालिको लतमरी टोलनजिक सीमावर्ती भारतको कुडवा चैनपुर क्षेत्रको महंगुवा गाउँ हुँदै नेपाल भित्र्याउँदै गरेको चार टयाक्टर युरिया मल एसएसबिले छापामारी गरि नियन्त्रणमा लिएको बताइएको छ । शनिवार बिहान गरिएको छापामारीबाट सो परिमाणको मल बरामद भएपछि तस्करहरूमा खैलाबैला मच्चिएको छ ।

# दुई केन्द्रीय सदस्यसहित ६९ जनाले जसपा त्यागे

प्रस, वीरगंज, ३२ असार/

जनता समाजवादी पार्टी (जसपा) नेपालका दुई केन्द्रिय सदस्यसहित ६९ जनाले शनिवार पार्टी छाडने घोषणा गरेका छन् ।

केन्द्रिय सदस्यद्वय वीरेन्द्र यादव, टेक बहादुर शाक्य, प्रदेश सदस्य सलाउद्दिन अहमद, जिल्ला सदस्य कृष्णमोहन यादव, लालबाबु साह, जिराभावानी गापा संयोजक राजबली यादव, ठोरी गापा संयोजक रामबहादुर पाखिनलगायतले आज पत्रकार सम्मेलन गरेर सामुहिक रूपमा पार्टी परित्याग गरेको घोषणा गरेका छन् ।

उनीहरूले पत्रकार सम्मेलनमा सामूहिक रूपमा आजैको मितिदेखि जसपा पार्टी परित्याग गरेको बताए । पार्टी एकलौटी किसिमबाट संचालन भएको, पार्टीको विधिविधानलाई तिलान्जली दिएको र सङ्गठनात्मक संरचना व्यक्ति विशेषको निर्देशनमा सञ्चालन भएको, ठेकेदार, भ्रष्टाचारीहरू पार्टीमा हाबी भएको आरोपसहित उनीहरूले पार्टी परित्यागको घोषणा गरेका हुन् ।

# सबैयामा लागेको तालाबन्दी खुल्यो

प्रस, पर्सागढी, ३२ असार/

पर्सागढी नगरपालिका अन्तर्गत रहेको



तस्वीरः प्रतीक

सबैया साझेदारी वन उपभोक्ता समूहको कार्यालयमा शुक्रवार गरिएको तालाबन्दी आज शनिवार खोलिएको छ ।

सार्वजनिक सरोकारका सङ्घर्ष समितिसँग आज सहमति भएपछि हिजो लगाइएको ताला सङ्घर्ष समितिले नै खोलेको छ ।

सङ्घर्ष समितिले सबैया साझेदारीको काम कारबाई सम्बन्धमा आपत्ति जनाउँदै १४ सूत्रीय मागसहित डिभिजन वन कार्यालय पर्सामा ज्ञापन दिएको र सो सम्बन्धमा कुनै सुनुवाइ नभएपछि हिजो तालाबन्दी गरेको थियो ।

आज समूह र सङ्घर्ष समितिबीच बैठक बसेको बैठकमा माग पूरा गर्ने विषयमा समूह सकारात्मक भएपछि तालाबन्दी खोलिएको समूहका संयोजक लखनलाल साहले बताए ।

# आश्रममा जन्मिएकी छोरीको अन्नप्राशन

प्रस, वीरगंज, ३२ असार/

मानव सेवा आश्रम वीरगंज शाखाले आज ५औं वार्षिक उत्सव तथा आश्रममा हुने दुखियाहरूको प्रस्तुत वृतचित्र तथा मानव सेवा आश्रम, वीरगंज शाखाको भावी भवनकोबारेमा जानकारी




तस्वीरः प्रतीक

जन्मिएकी छोरी उपनिशाको अन्नप्राशन समारोह सम्पन्न भएको छ । गराइएको छ ।

कार्यक्रममा मानव सेवा आश्रमका प्रणेता रामजी अधिकारी, प्रमुख अतिथिहरू बाबुलाल चाचान, उद्योग वाणिज्य सङ्घ, वीरगंजका अध्यक्ष सुबोध गुप्ता, पर्साका प्रमुख जिल्ला अधिकारी उमेश ढकाल लगायतले मानव सेवा आश्रमले गरेको कामको प्रशंसा गरे ।

कार्यक्रममा 'मानवता नै भावविह्वल

कार्यक्रममा मुर्ली रूङ्गटा, कर्नेल मायमण्ड कार्की, जनपद तथा ससस्त्रका प्रहरी उपरीक्षक द्वव रमेश बस्नेत, तेज प्रतापका साथै निर्वतमान महानगर प्रमुख विजय सरावगी, उद्योगपति गणेश लाठलगायतको सहभागिता थियो ।

कार्यक्रमको सहजीकरण मानव सेवा आश्रम मधेस प्रदेशका सञ्योजक देवेश मानवसेवा र वीरगंज संयोजक सानुमाया सेवाले गरेकी थिइन् ।


## सर्पदंश (सर्पको टोकाइ)बाट बच्न...

- घरवरिपरि सर्प लुक्न सक्ने सम्भावित स्थानको खोजी गरी त्यस्ता ठाउँहरूको व्यवस्थापन गरौं,
- घरवरिपरि सफा राखौं, प्वालहरू टालौं,
- खुला स्थानमा शौच नगरौं,
- खाली खुट्टा नहिंडौं, जुत्ता वा गमबुट लगाऔं,
- लट्ठी लिएर हिंडौं,
- सम्भव भएसम्म खाटमा सुतौं,
- सुत्दा झुलको अनिवार्य प्रयोग गरौं,
- सुत्नेबेलामा ओछ्यान राम्ररी हेरौं,
- राति हिंड्दा टर्चको प्रयोग गरौं,
- पराल, दाउरा आदि निकाल्दा होशियारी अपनाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड